

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन १४ गते आइतबार ❑ 30 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## बजेटकै कारण प्रतिष्ठानका कार्यक्रममा अवरोध आउन दिन्न : सुरेन्द्रराज पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपालका प्रज्ञा प्रतिष्ठानले कामको शैलीमा परिवर्तन गर्नुपर्ने बताएका छन् ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा पोखरामा शनिबार भएको अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् । मुलुकलाई संघीयतामा लगेपनि केन्द्रीकृत मानसिकता अझै तोड्न नसकिएको उनको भनाई थियो । 'हामीले परिवर्तन त गर्‍यौ तर केन्द्रीकृत मानसिकता अझै तोड्न सकेका छैनौ सोही कारण प्रज्ञा प्रतिष्ठानले कामको शैलीमा परिवर्तन गर्नुपर्छ' उनले भने । केन्द्र, प्रदेश र स्थानीय तहका प्रज्ञा प्रतिष्ठानले गर्ने कार्य दोहोरिन नहुनेमा उनको जोड थियो ।

गण्डकी प्रदेश सरकार आफ्नै आम्दानीको भरमा सरकार चलाउन सक्ने अवस्थामा नरहेको र संघबाट आउने अनुदान समेत घटेर आउँदा गण्डकी प्रज्ञा प्रतिष्ठानको बजेट घटाउनु परेको सुनाए । यतिहुँदाहुँदै पनि बजेटकै कारण प्रतिष्ठानका कार्यक्रममा अवरोध आउन भने नदिने उनले वाचा गरें । 'तपाईहरुको योजनामा अवरोध आउने खालको अवस्था सिर्जना आउने दिने छैन, गण्डकी प्रदेशको भाषा, संस्कृति, कला र संगीतको संरक्षणको लागि सरकारले सकेको सहयोग गर्छ' प्रतिष्ठानको प्रमुख संरक्षक रहेका उनले भने । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले गण्डकी प्रतिष्ठानको फोरमलाई उपयोग गरेर देशभर सन्देश छर्न पाएको भन्दै खुशी व्यक्त गरें । नयाँ नेपालको



मुल्य मान्यता अनुसार प्रज्ञा प्रतिष्ठानलाई अगाडि बढाउनुपर्ने उनको भनाई थियो । जसका लागि आफुहरुले 'सबै भाषा सबै ज्ञान सबैको प्रज्ञा प्रतिष्ठान' भन्ने नाराका साथ काम गर्न थालेको खुलाए । देशको सबै भन्दा ठुलो शक्ति प्राज्ञिक सत्ता भएको दावी गर्दै राज्य सत्ताले प्राज्ञिक सत्तालाई हेर्ने दृष्टिकोण राम्रो नभएको गुनासो गरें । प्रज्ञा प्रतिष्ठानका कुलपतिको मर्यादाक्रममा भइरहने परिवर्तन प्रति समेत उनको असन्तुष्टि थियो । केन्द्रका प्रज्ञा प्रतिष्ठानले नयाँ नीति निर्माणको काम गर्ने र प्रदेश र स्थानीय तहका प्रतिष्ठानले सशक्तिकरणको काम गर्नुपर्नेमा कुलपति राईको जोड थियो । आफूहरुबिच आन्तरिक अन्तरक्रियाको अभाव रहेको बेला पोखरामा भएको कार्यक्रमले सकारात्मक वातावरण सिर्जना भएको बताए । सरकारले प्रतिष्ठानको मुल्य मान्यताको बारेमा नबुझ्दा बजेटको सिलिङ घटाएको गुनासो गरें । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले अवसरको सदुपयोग गर्दै चुनौतीको सामना गर्दै प्रज्ञा प्रतिष्ठानहरु अगाडि बढ्नुपर्ने बताए । सबैलाई समेट्नको लागि जनस्तरमा पुग्नुपर्नेमा उनको जोड थियो । साच्चै साँस्कृतिक अभियान सामाजिक रुपान्तरण गर्न चाहने हो भने ग्रासरुटमा पुगेर उनीहरुले अपनत्व गर्ने खालका कार्यक्रम गर्नुपर्ने बताए । 'केन्द्रदेखि नगरसम्मका प्रज्ञा प्रतिष्ठानबिच सहकार्य गर्दै सँगसँगै अगाडि जानुपर्ने निचोडमा पुगेका छौं' उनले भने ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त श्रेष्ठले पुराना कुरालाई विर्सेर सबै प्रज्ञा प्रतिष्ठान मिलेर के गर्न सक्छौ र के गर्नुपर्छ भन्ने कुराको चिन्तन प्राज्ञिक भेलाले गर्नुपर्ने बताए । साहित्य, संगीत, कला र संस्कृतिको क्षेत्रमा राज्यको लगानी बढाउनु पर्नेमा उनको जोड थियो । प्रज्ञा प्रतिष्ठानले आफूलाई आवश्यक पर्ने पूर्वाधारयुक्त संरचना नपाएको कारण केन्द्र देखि प्रदेश सरकारलाई ती कुरामा ध्यानाकर्षण गराउनुपर्ने बताए ।

'प्रज्ञा प्रतिष्ठानको गठन गरेपछि ती प्रज्ञा प्रतिष्ठानलाई आवश्यक पर्ने भौतिक संरचनाहरुको निर्माण तत्काल गर्नुपर्छ, वा थालनी हुनुपर्छ, अरुको घरमा भाडामा राखेर प्रज्ञा प्रतिष्ठानको मर्यादा रहदैन' उनले भने । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भु राईले नेपालका सबै प्रज्ञा प्रतिष्ठानका कुलपति, उपकुलपति र सदस्य सचिवलाई एउटै कार्यक्रममा उपस्थित गराई प्रतिष्ठानले गर्ने काम कर्तव्यहरुबारे छलफल गर्ने वातावरण मिलाएकोमा गण्डकी प्रज्ञा प्रतिष्ठान प्रति आभार व्यक्त गरें । संस्कृति परम्परा र संस्कारलाई चिन्न सकिएन भने देश अग्रगतिमा जान नसक्ने उनको भनाई थियो । संस्कृतिकर्मी तीर्थ श्रेष्ठले पोखरामा आयोजित अन्तरक्रियाले नेपालमा गठन भएका प्रज्ञा प्रतिष्ठानबिचको सहकार्यको सम्भावना बढेको बताए । 'सहकार्यको बाटो प्रशस्त गर्न सक्यौ भने सिमित साधन श्रोतबाट असिमित कामहरु सम्पन्न गर्न सक्ने सम्भावना हुन्छ' उनले भने । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्चीको अध्यक्षतामा भएको उद्घाटन सत्रमा उपकुलपति गोरे गुरुङले स्वागत र सदस्य सचिव मनकुमार श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए । नेपालका प्रज्ञा प्रतिष्ठानबिचको अन्तरक्रिया कार्यक्रममा गण्डकी सहित नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठान, मधेश प्रज्ञा प्रतिष्ठान र सुदुरपश्चिम प्रज्ञा प्रतिष्ठानको सहभागीता रहेको छ । अन्तरक्रिया कार्यक्रमको निष्कर्ष सहितको 'प्रज्ञा पोखरा घोषणा पत्र' आइतबार बिहान १० बजे पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिने गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जानकारी दिए ।

## एमालेलाई एकताबद्ध बनाई अगाडि बढाइने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

नेकपा (एमाले) केन्द्रीय कमिटीका सचिव तथा गण्डकी प्रदेशका ईन्चार्ज गोकर्ण बिष्टले एमालेलाई एकताबद्ध तथा बलियो बनाउन ध्यान दिने बताएका छन् ।

उनले पार्टीलाई बलियो बनाउनका लागि कोही कसैप्रति नकारात्मक टिका टिप्पणी नगरी जिम्मेवार र अनुशासित भएर काम गर्न कार्यकर्तालाई निर्देशन दिएका छन् । एमाले जिल्ला कमिटी कास्कीले अगुवा कार्यकर्ताको लागि शनिबार गरेको अनुशिक्षण कार्यक्रममा नेता बिष्टले नकारात्मक टिका टिप्पणी नगर्न तथा प्रतिबद्ध भएर काम गर्न आग्रह गरे । एकमना एकताका साथ पार्टीको काममा जुट्ने कामको सरुवात कास्कीबाट गर्न अनुरोध गर्दै उनले विचार र भावनाका साथ अगाडी बढ्न सबैमा आग्रह गरे । उनले सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणको एजेण्डालाई अगाडी सारेको एमालेलाई कमजोर बनाउन हिलो छ्याप्ने काम भएका आरोप लगाए । एमालेलाई चारैतर्फबाट भएको घेराबन्दीको सामना गर्न पार्टीको आन्तरिक एकतालाई मजबुद बनाउन ध्यान दिएको उनले जानकारी दिए ।

शोषण रहित समतामुलक समाज स्थापना गर्ने योजना र चाहानालाई पुरा गर्न पार्टी लागेको दाबी गर्दै उनले रोजगारीको सिर्जना र उद्यमशिलताको विकास गरी जनताको जीवन स्तर सुधारमा ध्यान दिने बताए । उनले सामाजिक न्याय सहितको समृद्धि हासिल गर्दै समाजवादमा पुग्ने यात्रा तय गरेको उल्लेख गरे । नेकपा (एमाले) स्थायी समितिका सदस्य खगराज अधिकारीले पार्टी सरकारमा रहँदा सधै प्रगतिशिल सुधारको कार्यक्रम गरेको बताए । कमिटी प्रणालीलाई व्यवस्थित गरी सदस्यता अद्यावधिक गर्न सबै कार्यकर्तालाई आग्रह गरे । उनले ठोस योजनाका साथ काम गरी कास्कीलाई नमुना जिल्ला बनाउन निर्देशन दिए । पाटीका स्थायी समितिका सदस्य थममाया थापामगरले नेता तथा कार्यकर्तालाई वैचारिक तथा राजनीतिक रुपमा प्रशिक्षित गरी संगठनलाई चुस्त दुरुस्त बनाए जुन सुकै आन्दोलनमा समेत सफलता मिल्ने तर्क गरिन् । उनले पार्टीको जनाधारलाई बलियो बनाउन ध्यान दिने उल्लेख गरिन् । पार्टीका नेता सोमनाथ अधिकारी प्यासीले सिंगो पार्टी कमिटी संगठन निर्माणमा लाग्न आग्रह गरे । कमिटीमा बस्नेलाई जिम्मेवारी बोध गर्न निर्देशन दिदै उनले कम्युनिस्ट पार्टी सामुहिक र संस्थागत निर्णय गरी नचलेमा जनताप्रति बेइमानी हुने तर्क गरे ।

कार्यक्रममा नेकपा (एमाले) जिल्ला कमिटी कास्कीका अध्यक्ष मनबहादुर गुरुङ, उपाध्यक्ष तेजनारायण अधिकारी सचिव बैनबहादुर अधिकारी क्षत्रीले अनुशिक्षण कार्यक्रममा बोलेका थिए ।

## चारदिनदेखि उठेन पोखराको फोहर

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

पर्यटकीय सहर पोखरामा चार दिनदेखि फोहर नउठ्दा दुर्गन्ध फैलिएको छ ।

पोखरा महानगरपालिकाले अस्थायी ल्याण्डफिल साइट बनाएको वडा नं ३२ मा स्थानीयले फोहर लैजान अवरोध गरेपछि यही साउन १० गतेदेखि बजारको फोहर उठ्न नसकेको हो । पोखराका मुख्य बजार क्षेत्र चिप्लेढुङ्गा, महेन्द्रपुल, न्यूरोड, नयाँबजार, सिर्जनाचोक लगायतका क्षेत्रको सडकमै फोहर थुप्रिएको छ । पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै विमानस्थल नजिकको वर्षौदेखिको ल्याण्डफिल साइटमा फोहर लैजान रोकिएको थियो । त्यसपछि महानगरले अस्थायी रुपमा वडा नं ३२ लामेआहालस्थित सेती नदी किनारमा बजारको फोहर व्यवस्थापन गर्दै आएको थियो ।

स्थानीयले लामेआहालमा महानगरले फोहर व्यवस्थापनका लागि पूर्वाधार नबनाएको, सडकमा जथाभावी फोहर फालेको र प्रभावित क्षेत्रका बासिन्दासँग गरेको सम्झौता कार्यान्वयन नगरेको भन्दै लैजान अवरोध गरेका हुन् । महानगरले छ महिनाभित्रमा फोहर व्यवस्थापनका लागि स्थायी व्यवस्था गर्ने प्रतिबद्धता जनाए पनि हालसम्म कुनै काम अघि नबढाएको स्थानीयले आरोप लगाएका छन् । स्थानीयको अवरोधपछि पर्यटकीय सहरको फोहर सडकबाट नउठ्दा बजार दुर्गन्धित भएको हो ।

पुस दोस्रो सातादेखि लामेआहालस्थित सेती नदी किनारमा रहेको अस्थायी ल्यान्डफिल साइटमा महानगरले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पर्यटकको आकर्षण बन्दै तालबाराही सन्ध्याआरती

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

प्रकृति एवं संस्कृतिले भरिपूर्ण पोखराको गतिविधि हेर्न आउने पर्यटकको घुइँचो लाग्ने गरेको छ ।

सराङकोटबाट सूर्योदयको झुल्को अन्नपूर्ण, माछापुच्छ्रे लगायतका हिमशृखलामा परेको मनोरम दृश्यावलोकनबाट भ्रमणको शुभारम्भ गरेका पर्यटक मठमन्दिर, तालतलैया, गुफा, झरना, खोच तथा सङ्ग्रहालय अवलोकनपश्चात साँझ भने सन्ध्याआरतीमा सहभागी हुने गरेका छन् ।

फेवातालको बीच भागमा अवस्थित तालबाराही मन्दिरको समिप बाराही घाटमा प्रत्येक दिन साँझ तीन जना युवा पण्डितबाट सङ्गीतमय धुनमा हुने सन्ध्याआरती सबै धर्मावलम्बी र विभिन्न उमेर समूहको रोजाइमा पर्ने गरेको छ । पछिल्लो समय पोखरामा आरतीलाई अर्को पर्यटकीय गन्तव्यकारूपमा लिन थालिएको तालबाराही महाआरती व्यवस्थापन समितिका अध्यक्ष मङ्गलबहादुर नेपालीले बताउनुभयो । उहाँका अनुसार आरतीमाधुप,घिउ,ल्वाङदानी,कपुर, मयुरपंख, सेतोचमर, अलैँचीदाना,




लाछीधागो, फूलपातीलगायतका विभिन्न सुगन्धित वस्तुको प्रयोग गरिन्छ । शंख ध्वनिबाट शुभारम्भ गरी सहभागी भक्तजनले पण्डितबाट टीका र प्रसाद ग्रहण गर्दै आरती लिएपछि समापन हुन्छ । भारतको काशीबाट तीन जना पण्डितसहितका सामग्री ल्याएर विसं २०७५ असोज २४ गते घटस्थापनाको दिनदेखि सुरु गरिएको आरती निरन्तर सञ्चालन हुँदै आएको उहाँको भनाइ छ । हाल पोखराका पण्डितद्वारा आरती सञ्चालन हुँदै आएको छ ।

"धार्मिकको माध्यमबाट फेवातालमा बारम्वार हुने दुर्घटना न्यूनीकरण गर्ने आरतीको प्रमुख लक्ष्य हो", अध्यक्ष नेपालीले भन्नुभयो, "आरती सञ्चालन गर्न मासिक रु दुई लाख खर्च हुन्छ, भक्तजनबाट सहयोग प्राप्त भएको हुँदा 'त आँट म पुर्याउँछु' भन्ने युक्ति चरितार्थ भएको छ ।"

पशुपतिनाथ महाआरतीको झल्को दिने तालबाराहीबाट सञ्चालन गरिएको आरती पछिल्लो समय पोखराको प्रसिद्ध धार्मिक क्षेत्र विन्ध्यवासिनी मन्दिर, सदाशिव हरिहर मन्दिर महतगौडा, गुप्तेश्वर गुफा, नर्वदेश्वर मन्दिर, रामघाट, बेगनासतालमा समेत सम्पन्न भइसकेको समितिका उपाध्यक्ष ढाकाबहादुर थापाले जानकारी दिनुभयो । आर्थिक अवस्थाका कारण आरती सञ्चालन गर्दा चुनौती नै थियो, भक्तजनको साथ र सहयोगले नै आज पाँच वर्षसम्म निरन्तरता पाएको छ । 'जहाँ धर्म त्यही धन' भन्ने युक्तिलाई आरतीले पुनः चरितार्थ गरेको उहाँले भन्नुभयो । पर्यटक तथा स्थानीय बासिन्दाका लागि दिनभरिको व्यस्तता एवं तनाव व्यवस्थापनका लागि साँझमा हुने आरती एक साधन बन्ने अर्का उपाध्यक्ष जुना अधिकारी बताउनुहुन्छ । आरतीलाई निरन्तरताका लागि स्थापना भएको अध्यक्षकोषमा रु १२ लाख सङ्कलन भएको बताउँदै उहाँले यस पुण्यकार्यमा सक्दो आर्थिक सहयोग गरिदिनुहुन सम्पूर्णमा अनुरोध गर्नुभयो ।

पोखरा-१५ गलेश्वरमा खानेपानी व्यवसाय सञ्चालक सन्नि केसीले आरतीस्थल बाराहीघाटमा ट्रष्टको छाना निर्माण गर्ने प्रतिबद्धता जनाउनुभएको छ । साउन १२ गते शुक्रबार आरतीमा सहभागी बन्नुभएका उहाँले पानी पर्ने मौसममा आरतीमा सहभागी पण्डित तथा भक्तजनका लागि सुविधा पुर्याउने उद्देश्यका साथ आफ्नो निजी खर्चमा ट्रष्ट निर्माण गरिदिने इच्छा भएको रासससँग बताउनुभयो । फेवातालको सौन्दर्यकरणलाई नबिगार्ने गरी पानी पर्दा आरतीमा सहभागीलाई सुविधा पुग्ने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो, "त्यसका लागि आवश्यक सहयोग गरिदिनुहुन सरोकारवाला सबैसँग विनम्र अनुरोध गर्दछु ।"

# पब्लिक क्याम्पसलाई गण्डकी प्रदेशले दिने सहयोग बढाउँछौँ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश भित्रका पब्लिक क्याम्पसलाई मर्जर प्रक्रियामा अघि बढ्न सुझाब दिएका छन् ।

शनिवार पोखरामा नेपाल पब्लिक क्याम्पस संघ गण्डकी प्रदेशको अधिवेशन उद्घाटन गर्दै उनले भने 'विद्यार्थी संख्या, लगानी सबैलाई हेर्दा पब्लिक क्याम्पसहरु मर्जर प्रक्रियामा अघि बढ्दा लगानी अनुसारको प्रतिफल आउन सक्छ ।'

सरकारले उच्च शिक्षामा गरेको लगानी अनुसार प्रतिफल प्राप्त हुन नसकेको बताउँदै मुख्यमन्त्री पाण्डेले कसरी प्रतिफल निकाल्न सकिन्छ भन्ने विषयमा ध्यान दिनुपर्ने सुझाब दिए । गण्डकी प्रदेश सरकारले चालु वर्ष सामुदायिक क्याम्पस सँग प्रदेश सरकार कार्यक्रम संचालन गर्ने नीति बनाएर कार्यक्रम सार्वजनीक गरिसकेको उनले



बताए । 'सामुदायिक क्याम्पसँग प्रदेश सरकार' कार्यक्रम अन्तरगत अहिले एक करोड ७५ लाख रकम बिनियोजन भएको छ' मुख्यमन्त्री पाण्डेले भने ' चालु वर्ष नै यो रकम पाँच करोड पुऱ्याईनेछ ।' प्राध्यापक, संचालक समिति, विद्यार्थीहरुले महशुस गर्ने गरि पब्लिक क्याम्पसलाई गण्डकी प्रदेश सरकारको सहयोग रहने मुख्यमन्त्री पाण्डेले बताए । आवश्यकता र चाहना धेरै तर बजेट थोरै हुँदा बजेट कम भएको उनले बताए । पब्लिक क्याम्पसहरुले शिक्षाको गुणस्तरमा ध्यान दिनुपर्ने, दक्ष युवा जनशक्ति बिदेशिने दर न्यूनिकरण गर्न ब्यवशायीक शिक्षा केन्द्रित गर्नुपर्नेमा मुख्यमन्त्री पाण्डेको जोड थियो । आफ्नो स्वामित्वमा जग्गा नहुँदा समस्या भएको पब्लिक क्याम्पसहरुको गुनासोपछि मुख्यमन्त्री पाण्डेले पब्लिक क्याम्पसहरुलाई आफ्नै स्वामित्वमा जग्गा ल्याउन सहज हुने गरि कानुन निर्माण गरिने बताए ।

साथै उनले सामाजिक सेवाको भावनाले क्याम्पस लगायत सार्वजनीक संस्थालाई जग्गा दान गर्दा दताले तिर्नुपर्ने कर मिनाह गर्ने गरि कानुन आवश्यक भएको बताए । नेपाल पब्लिक क्याम्पस संघ गण्डकी प्रदेशका अध्यक्ष ऋषिराम बुढाथोकीको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेश भित्रका बिभिन्न पब्लिक क्याम्पसका संचालक समिति अध्यक्ष, प्राध्यापक संघका अध्यक्ष र क्याम्पस प्रमुखको उपस्थिती थियो ।

उक्त कार्यक्रममा गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री जितप्रकाश आले मगर, कृषि तथा भुमि ब्यवस्था मन्त्री महेन्द्रध्वज जिसी, प्रदेश नीति योजना आयोग गण्डकीका उपाध्यक्ष कृष्णचन्द्र देवकोटा, पब्लिक क्याम्पस संघका केन्द्रिय अध्यक्ष शत्रुधन गुप्ता लगायतको उपस्थिती थियो ।

# फूलबारी क्लब पोखराको गहना : वडाध्यक्ष कर्माचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

पोखरा ११ का अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले फूलबारी क्लब पोखराको गहना भएको बताएका छन् । क्लबको ३२ औं वार्षिकोत्सव उद्घाटन गर्दै अध्यक्ष कर्माचार्यले स्थानीयरुपमा संस्कार, धर्म, संस्कृति, वातावरण, कला र सीप, खेलकुद, स्वास्थ्य लगातय क्षेत्रमा गर्दै आएको कामको मुल्यांकन गर्दै पोखराको गहना भएको बताएका हुन् । सामाजिक विकृति र विसंगतिलाई हटाई सक्षम, सरल र समृद्ध समाज निर्माणमा वडाबाट पूर्ण सहयोग हुने बताउँदै वडा भित्रका आर्थिक क्रियाकलापलाई करमा जोड्न आग्रह गरे । मन, बचन, कर्म र धन पनि खर्च गर्न सक्ने नेतृत्वले संस्था र क्षेत्रको परिवर्तन गर्न सक्नेमा उनको जोड थियो ।

कार्यक्रममा पोखरा ११ का निवर्तमान वडाध्यक्ष मोहनप्रसाद बास्तोलाले फूलबारी क्लबलाई अन्तर्राष्ट्रियरुपमा ब्राण्डिङ गर्नु पर्ने समय आएको बताए । पैसा वचत गर्नु भन्दा पनि क्लबलाई राष्ट्रियरुपमा परिचित बनाउन नयाँ नेतृत्वले नयाँ काम गर्नु पर्ने बताए । सभामा क्लबका सल्लाहकार दामोदर बास्तोला, शारदादेवी बास्तोला, सञ्जयकिश्वर बास्तोला, पोखरा ११ वा निर्वाचित वडा सदस्य सुशील बास्तोला, फूलबारी



ओमकार भजन समूहका अध्यक्ष दीपक पौडेल र कास्की जिल्ला टेवल टेनिस संघका सदस्य दीपक भण्डारी लगातयले बोलेका थिए ।

क्लबले संस्थालाई सहयोग गरेको भन्दै समाजसेवी धर्मराज आचार्य र पत्रकार केदार धमलालाई प्रशंसापत्रले सम्मान गरेको छ । दोसल्ला, करुवा र प्रशंसापत्रले सम्मान गरेको क्लबका सचिव जनार्दन बास्तोलाले जानकारी दिए । क्लबका अध्यक्ष हरिश्चन्द्र बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव जनार्दन बास्तोलाले गरेका थिए भने स्वागत मन्तव्य क्लबका उपाध्यक्ष मनोज बास्तोलाले दिएका थिए ।

वार्षिकोत्सवको पूर्व सन्ध्यामा आयोजना गरेको टेवल टेनिस खेल प्रतियोगिताका विजेता ट्रफी र प्रमाणपत्रले पुरस्कृत भएका थिए । क्लबको आगामी २ वर्षे कार्यकालकोलागि अध्यक्षमा मनोज बास्तोला, उपाध्यक्षमा जनार्दन बास्तोला, सविचमा युवराज बास्तोला, कोषाध्यक्षमा सावित्री पौडेल र सहसचिवमा कपिल बास्तोला सर्वसम्मत निर्वाचित भएको निर्वाचन मण्डलका संयोजक शिवकुमार अधिकारीले जानकारी दिए । क्लबको सदस्यहरुमा सुमन बास्तोला, सन्तोष भण्डारी, सविना बास्तोला, शिवराज पौडेल, अनन्तराज आचार्य र अन्जु ताम्राकार पौडेल सर्वसम्मत निर्वाचित भएका छन् । क्लबका नवनिर्वाचित अध्यक्ष मनोज बास्तोलाले सवै वर्ग, क्षेत्र, पिछडिएका तथा अल्पसंख्यक समूदायलाई उचित स्थान दिँदै क्लबका पूर्व अध्यक्ष तथा वुद्धिजीविहरुको सल्लाह र सुझाव अनुरुप संस्थालाई अघि बढाउने योजना रहेको बताएका थिए । कार्यक्रममा क्लबका पूर्व अध्यक्ष, वद्धिजीवि, समाजसेवी, मानार्थ सदस्य तथा साधारण सदस्यको उल्लेख्य सहभागिता रहेको थियो ।

# पोखरा रंगशालामा निसिमको अर्थकदको सालिक

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

प्याराग्लाइडिङ दुर्घटनामा निधन हुनुभएका खेलाडी निसिम थापाको सालिक स्थापना गरिने भएको छ ।

नवौं राष्ट्रिय खेलकुदका दौरान प्याराग्लाइडिङ प्रतिस्पर्धाकै क्रममा दुर्घटनामा थापाको निधन भएपछि सम्मानस्वरुप उहाँको पोखरा रङ्गशालाभित्र अर्थकदको सालिक राख्न लागिएको हो । सालिक राख्ने कार्यको शनिबार एक कार्यक्रमबीच शिलान्यास गरिएको छ । थापाको सालिक रङ्गशालाको परिसरभित्र रहेको ओलम्पिक टर्चको नजिकैको स्थानमा बनाउन लागिएको हो । वरिपरि पार्कसमेत निर्माण गरिने निसिम फाउन्डेसनले जनाएको छ । राष्ट्रिय खेलकुद प्रतियोगिताका क्रममा गत असोज ३० गते प्याराग्लाइडिङ दुर्घटनामा नेपाली सेनाका खेलाडी निसिमको ज्यान भएको थियो । राष्ट्रिय खेलकुद परिषद्ले खेलका दौरान ज्यान गुमाउने खेलाडी थापाको सम्मानस्वरुप सालिक स्थापना गर्ने निर्णय सोही बेला नै गरेको थियो । शिलान्यास कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य राजेश गुरुङले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा निसिमलाई गुमाउनु पर्दा निकै दुःख लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "स्व निसिमको सम्मानका लागि राष्ट्रिय खेलकुद परिषद्को विशेष पहलमा सालिक राख्न लागिएको हो । खेलको माध्यमबाट योगदान पुर्याउने व्यक्तिको सालिक रङ्गशालामा निर्माण गरिँदा पछिल्लो पुस्तालाई सकारात्मक सन्देश जान्छ ।"

फाउन्डेसनको लागि विभिन्न सङ्घसंस्था, व्यक्तिले समेत आर्थिक सहयोग प्रदान गरिरहेका छन् । नेपाली सेनाले रु १० लाख सहयोग गरेको स्व निसिमकी आमा सावित्री थापाले बताउनुभयो । शिलान्यास कार्यक्रममा निसिमका बुवा प्रकाश थापा, हजुरआमा शोभादेवी मोक्तान, परिवारका सदस्य, पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति पोखराका प्रमुख लक्ष्मण योगी, खेलाडीलगायतको उपस्थिति रहेको थियो ।

# जनप्रतिनिधि शालिन हुनुपर्छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, १३ साउन

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एमालेबाट निर्वाचित जनप्रतिनिधिमा शालिनता हुनुपर्ने बताउनुभएको छ ।

एमालेको तर्फबाट लुम्बिनी प्रदेशमा निर्वाचित जनप्रतिनिधिका लागि नेपालगन्जमा आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उहाँले भन्नुभयो, "नेकपा (एमाले)बाट निर्वाचित जनप्रतिनिधिमा अहमता र घमण्ड नभई शालिनता हुनुपर्दछ ।" अहमता र घमण्डलाई त्यागेर जनप्रतिनिधिले शालिनताका साथ जनताको सेवामा लाग्न आग्रह गर्दै अध्यक्ष ओलीले अबको निर्वाचनमा हरेक तहमा ५१ प्रतिशत जनताको मत हासिल गर्ने गरी एमाले अगाडि बढेको बताउनुभयो । लुम्बिनी प्रदेशबाट प्रतिनिधिसभा, प्रदेशसभा सदस्य र स्थानीय तहमा अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षमा निर्वाचित जनप्रतिनिधि सहभागी प्रशिक्षण कार्यक्रममा उहाँले जनप्रतिनिधिलाई सार्वजनिक सम्पत्तिको रक्षा गर्दै जनतालाई सरल र सहजरूपमा सेवा प्रवाहको अधिकतम् उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो । नेकपा (एमाले) प्रदेश कमिटी अध्यक्ष राधाकृष्ण कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी उपाध्यक्ष विष्णु पौडेल, पार्टी सचिव एवं लुम्बिनी प्रदेश इन्चार्ज पद्मा अर्याललगायत जनप्रतिनिधिले जनताको काम सहज तरिकाले गरेर पार्टीलाई मजबुत बनाउन ध्यान दिनुपर्ने बताउनुभयो ।

# चारदिनदेखि...

फोहरमैला व्यवस्थापन गर्दै आएको छ । वडा नं ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्कीले स्थानीयका माग पूरा गरी सहज रुपमा फोहर लैजान छलफल भइरहेको बताउनुभयो ।

ल्याण्डफिल साइटको सही ढङ्गले व्यवस्थापन नहुँदा वरपर दुर्गन्ध फैलिएको र फोहर बोक्ने गाडीका कारण बाटो हिलो तथा जीर्ण भएकाले मर्मत गर्नुपर्ने माग स्थानीयको रहेको वडाध्यक्ष कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "राम्रोसँग फोहर व्यवस्थापन हुनुपर्छ भन्ने र सडक राम्रो बनाइदिनुपर्दछ भन्ने मुख्य माग स्थानीय जनताको छ, हामीले त्यसका लागि प्रतिबद्धता जनाएका छौँ, महानगर प्रमुखले स्थानीयलाई छलफलमा बोलाउनुभएको छ, आइतबारसम्म सहमति हुन्छ होला ।" महानगर प्रमुख धनराज आचार्यले ल्याण्डफिल साइट क्षेत्रका स्थानीयसँग सम्वाद भइरहेको बताउनुभयो । उहाँले बजार क्षेत्रमा सडकमा ल्याएर फोहर नफाल्न पोखरावासीमा आग्रह गर्नुभएको छ । उहाँले भन्नुभयो, "ल्याण्डफिल्ड साइटमा फोहर लैजान केही अवरोध भएकाले चार दिनदेखि फोहर उठाउन सकिएको छैन, हामी सम्वादमा छौँ, डेङ्गु बढिरहेको अवस्थामा फोहर उठाउन नपाउँदा दुखित भए पनि आशा गरौँ छिटोभन्दा छिटो समस्या सामाधान हुनेछ, फोहर उठाउने गाडी नआउँदासम्म प्रतिक्षा गरौँ र सडकमा फोहर नफाल्न आग्रह गर्दछु ।"

पोखरा महानगरले यसअघि गत पुसमा छ महिनाका लागि भनेर लामेआहालमा अस्थायी फोहर व्यवस्थापन सुरु गरेको हो । महानगरले वडा नं ३३ को पूँडीटारमा आठ सय ५० रोपनी क्षेत्रफल जमिनमा फोहर व्यवस्थापनका लागि स्थायी संरचना बनाउने तयारी गरेको छ ।

# सामुदायिक विकास केन्द्रमा शिवराज अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

सामुदायिक विकास केन्द्र नेपालको अध्यक्षमा शिवराज अधिकारी सर्वसम्मत अध्यक्षमा निर्वाचित भएका छन् ।

विकास केन्द्रको शनिबार पोखरामा भएको ११ औं वार्षिकोत्सव तथा अधिवेशनबाट अधिकारी सर्वसम्मत निर्वाचित भएका हुन् । समाजसेवी रामचन्द्र ढुंगानाको संयोजकत्वमा गठित निर्वाचन मण्डलले उपाध्यक्षमा गायत्री फुयांल, सचिवमा निर्मला कार्की, कोषाध्यक्षमा लिलावल्लभ पोखेल निर्वाचित भएको निर्वाचन मण्डलका सदस्य शिवराज भण्डारीले जानकारी दिए । विकास केन्द्रको २ सदस्यमा केदार धमला र गोकर्ण तिवारी सर्वसम्मत निर्वाचित भएका छन् । आवास विहिनका लागि आवास नारा बोकेर स्थापित संस्थाले मानवता लागि आवास भन्ने




मान्यता स्थापित गर्न क्रियाशील भएको अधिवेशन उद्घाटन सभामा जोड दिईएको थियो । अधिवेशन उद्घाटन गर्दै गण्डकी प्रदेश सभाका सांसद एवं नेपाली कांग्रेस नेतृ सरस्वती गुरुङले २१ औं शताव्दीमा कुनै पनि नागरिक आभावको अभावमा मर्नु नहुने बताईन् । नेतृ गुरुङले विकास केन्द्रको अवधरणा अतिनै सकारात्मक भएको टिप्पणी गर्दै देशभर यस्तो योजना अघि सार्नु पर्ने बताइन् । केन्द्रका अध्यक्ष शिवराज अधिकारीको अध्यक्षतामा भएको सभाको सञ्चालन सचिव गायत्री फूयाँलले गरेकी थिइन् भने कार्यक्रममा स्वागत गोकर्ण तिवारीले गरेका थिए । अधिवेशन उद्घाटन सत्रमा समाजसेवी रामप्रसाद अधिकारी, विष्णु कार्की र सुरेन्द्र श्रेष्ठ लगायतले बोलेका थिए ।


केन्द्रमा आवद्ध सदस्यबीच भएको भेलामा भावि कार्यदिशा, योजना तथा अनुगमन लगायत विषयमा छलफल भएको थियो । विकास केन्द्रले समाजमा हुने विभेद अन्त्य गर्ने, राजनीति भन्दा माथि उठेर सेवा भावले कार्य गर्ने जनाएको छ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ।
– लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# नीतिमा नचल्ने कांग्रेस

पार्टीको महाधिवेशनमा अलग्गै नीति महाधिवेशन गर्ने घोषणा गरेको नेपाली कांग्रेस डेढ वर्षपछि नीति महाधिवेशन नगर्ने निष्कर्षमा पुगेको छ। नीतिभन्दा नेतृत्वमा केन्द्रीत हुने कांग्रेसले छ महिनाभित्र अलग्गै नीति महाधिवेशन गर्ने निर्णय गरेको थियो। डेढ वर्षसम्म त्यसबारे सामान्य छलफलसमेत नगरी केन्द्रीय समिति बैठकको मुखमा महामन्त्री गगन कुमार थापाले कुरा उठाए पनि पार्टीको विधानले नै त्यसबारे उल्लेख नगरेको भन्दै नीति महाधिवेशन गर्ने विषयलाई पन्छाएको छ। कम्युनिस्ट पार्टीको देखासिकी गरेर नीति महाधिवेशन गर्ने भनेको थियो। बैचारिक छलफल गर्न नरुचाउने काङ्ग्रेसले तत्काल पार्टी विधानको व्यवस्थाबमोजिम महासमिति सदस्यहरूको भेला गर्ने निर्णय लिएको छ।

काङ्ग्रेस सत्ता स्वार्थ बाहेक परम्परा भन्दा बाहिर जान सक्दैन। काङ्ग्रेस केन्द्रीय समितिमा कुनै नीतिबारे बहस र छलफल भए न।महाधिवेशनका बेला नीति महाधिवेशन गर्ने निर्णय भए पनि समय अभावका कारण नीति महाधिवेशन गर्न नसकिएको स्वीकारोक्ति छ। 'नीति र नेतृत्व चयन एकैपटक असहज हुनेरहेछ भनेर नीतिका बारेमा पन्छिने सजिलो बाटो रोजेको छ। कांग्रेसको विधानमा नीति महाधिवेशनबारे कुनै व्यवस्था छैन। तत्कालीन विधानमा नभए पनि छ महिनाभित्र नीति महाधिवेशन गर्ने विषय १४ औं महाधिवेशनको हलले पारित गरेको थियो, त्यसअनुसार त्यो निर्णय नै विधानको व्यवस्थाबराबर हो। विधानमा उल्लेख भएबमोजिम केन्द्रीय महाधिवेशनपछि पार्टीको अर्को ठूलो निकाय महासमिति भेला नै हो। नीति महाधिवेशन बोलाउँदा केन्द्रीय महाधिवेशनका सबै प्रतिनिधिलाई सामेल गराउनुपर्छ।

जबकि महासमिति भेलामा महासमिति सदस्यहरूलाई मात्रै सहभागी गराए पुग्छ। गत महाधिवेशनमा देशभरबाट ४६ सय प्रतिनिधि सहभागी थिए। महासमिति बैठकमा सहभागीको संख्या दुई हजारको हाराहारीमात्रै हुन्छ। बाहिर नीति महाधिवेशनको चर्चा गराएका महामन्त्री गगन थापाले पदाधिकारी बैठकमा नीति महाधिवेशनको सट्टा महासमिति भेला बोलाउन प्रस्ताव गरेका थिए। बाहिर एउटा भित्र अर्कै रुप देखाउने गरेकाहरु बैठक लाइभ भएपछि सबै छर्लङ्ग भएको छ। नीति भन्दा नेताको ईच्छामा चल्दै आएको काङ्ग्रेसमा विधानले महाधिवेशन हुने वर्षबाहेक हरेक वर्षमा एक पटक महासमिति भेला बोलाउनुपर्ने व्यवस्था गरेको छ। त्यसअनुसार अहिले कांग्रेसले पहिलो महासमिति भेला सम्पन्न गरेर दोस्रो भेलाको तयारी थालिसकेको हुनुपर्ने थियो। तर व्यवहारमा भने कांग्रेसले पार्टीको नीति, सिद्धान्त र कार्ययोजनाहरूबारे पार्टीमा त्यति धेरै छलफल गर्दैन।

विधानमा सभापतिको अधिकार र कार्यक्षेत्रदेखि महामन्त्रीसहित पदाधिकारी, प्रदेशका सभापतिहरू र तल्ला तहसम्म समेत कसको भूमिका कति हुने भनेर प्रश्न उठेको छ। त्यतिमात्रै होइन, पार्टीभित्रको निर्वाचन प्रणाली, उम्मेदवार छनोट र वर्तमान संविधानमा संशोधनसम्मका लागि एजेन्डाहरू छन्, जसमाथि कांग्रेसले नीतिगत बहस र छलफल गरेर टुंगोमा पुऱ्याउनुपर्नेछ। तर ती सबै विषयमा नेतृत्वले कार्यकर्ताको भावनाभन्दा आफ्नो स्वार्थअनुकूलको व्यवस्था लाद्ने अभ्यास कांग्रेसमा टरेको छैन। युग सुहाउँदो पार्टीको नीतिमात्रै होइन, नेतृत्वमा समेत रुपान्तरणको बहस कांग्रेसभित्र चलिरहेको छैन। तर, आफूलाई फाइदा हुने भएपछि हठात्मा केन्द्रीय समिति बैठकको प्रत्यक्ष प्रशाशरण गर्न तयार भएका सभापति देउवा पार्टीको भावी कार्यदिशाबारे खुलेर छलफल गर्नसमेत तयार छैनन्।सदस्यहरूले उठाएका प्रश्न र सवालको जवाफ नदिएरै धन्यवाद दिने काङ्ग्रेसमा नीति महाधिवेशन नयाँ र युवालाई झुक्याउन ल्याइएको फण्डा मात्र हो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | मानसिक तनाब | तुला | कार्यमा सफलता |
| वृष | शारीरिक झमेला | वृश्चिक | मन चञ्चल |
| मिथुन | व्यापारमा लाभ | धनु | सहयोग मिल्नेछ |
| कर्कट | अप्रत्यसित लाभ | मकर | सत्कार मिल्नेछ |
| सिंह | शत्रुको भय | कुम्भ | सम्मान मिल्नेछ |
| कन्या | झमेला बढ्ने | मीन | आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# निसीखोला कृषि तथा पशु उत्पादनको उर्वर भुमि हो: उपाध्यक्ष घर्तीमगर

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

गण्डकी प्रदेश अन्तरगत बागलुङ जिल्लाका १० स्थानीय तह मध्येको निसीखोला गाउँपालिका कृषि तथा पशु उत्पादनको उर्वर भुमि हो। पालिकाबासीहरु सामान्य खेतीकिसान,भेडाबाख्रा,गाईभैसी पालनमै व्यस्त छन्। परम्परागत कृषि र पशुपालनलाई थप व्यवस्थित बनाउन स्थानिय सरकारले पहिलो प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम बनाएको छ।

नयाँ आर्थिक वर्षको सुरुवातबाट नै गाउँपालिकाले कृषि उत्पादन,विस्तार र प्रवर्द्धनमा जोड दिएको निसीखोला गाउँपालिकाका उपाध्यक्ष प्रेम घर्तीमगरले बताएका छन्।

"वन जलस्रोत र संस्कृति, पर्यटन र कृषि,सभ्य सम्मुनत सुखी र समृद्ध निसी" भन्ने मुल नाराका साथ पाँच वर्षको मध्यवर्ती खर्च संरचनाको आधारमा टेकेर पालिकालाई समृद्ध बनाउने कार्य सुरु भएको उपाध्यक्ष घर्तीमगरले बताए। "बार्हौं गाउँसभाबाट मध्यवर्ती खर्च संरचनाको आधारमा टेकेर पाँच वर्षको आवधिक योजना बनाएका छौ",उनले भने,"यसै योजना मार्फत पालिकाको नारामा उल्लेख गरिएका मुख्य विषयहरुलाई प्राथमितामा राखेर पुरा गर्ने कसरत गरेका छौ।" स्थानिय सरकारले कृषि रणनीतिक योजना मार्फत पालिकालाई आत्मनिर्भर बनाउनका लागि मुख्य गरि आलुखेतिलाई प्राथमिता दिएको छ। पालिकाभर परम्परागत शैलिमा हुदै आएको यसखेतिको तथ्याङ्क संकलन कार्य जारी रहेकोले त्यपछि यसको उत्पादकत्व बढाउने,बजारीकरण गर्ने लगाएतका योजना बनाउने उनले बताए। पालिकामा विशेषगरि बर्खे र हिउदे गरि दुई सिजनमा आलु उत्पादन हुदै आएको छ।

उपाध्यक्ष घर्तीमगरका अनुसार पालिकालाई तेलमा पनि आत्मनिर्भर बनाउने उद्धेश्यले गत वर्ष परिक्षण स्वरुप पहिलो पटक प्रत्येक कृषकलाई सुर्यमुखिको विउ वितरण गरिएको छ। यो अभ्यासले राम्रै उत्पादन दिने आशा पलाएको र तेल पेल्ने मेसिन पनि



अनुदानमा उपलब्ध गराउने योजना रहेको छ। साथै निसीखोलाका निसेलढार लगाएत केहि उच्च स्थानमा स्याउ खेति हुदै आएकोले बाँकी स्थानमा यो खेतिको अभ्यास गरि पालिकालाई स्याउ पकेट क्षेत्र विस्तार गर्ने क्रम जारी रहेको र यसका लागि आवश्यक बजेट विनियोजन गरिएको उनको भनाई छ। "हाम्रो पालिकामा ४ हजार उचाई भन्दा माथि पर्ने भुगोल छन्,निसेलढोर लगाएत उच्च स्थानमा स्याउखेति हुदै आएको छ", उपाध्यक्ष घर्तीमगरले भने, "हावापानी र सुहाउदो माटो अनुसार बाँकी ठाँउमा पनि स्याउ पकेट क्षेत्र विस्तार गर्ने यस वर्ष १० लाख बजेट विनियोजन गरेका छौ।" अवको ५ वर्षमा स्थानिय सरकारले भांगो खेति,तेलहन खेति, स्याउ, आलु, मकै, जौं,गहुँ लगाएत रैथाने बालीको संरक्षणमा जोड दिदै आत्मनिर्भरताको कदम चालेको छ। "कृषि र पशुपालनमै आश्रित यहाँका स्थानियले उत्पादन गरेको वस्तुले राजधानी काठमाडौंसम्मको बजार धान्न सक्ने क्षमता छ,उनले भने, "अझै उत्पाकत्व बढाउने र बजारीकरण गरि स्थानियको आयआर्जनलाई सुनिश्चित गर्न स्थानिय सरकारले हरपर्यत्न कोसिस गरिरहेको छ।" समुन्द्रि सतहबाट ८ सय ८९ देखी ४ हजार मिटर सम्मको उचाईमा र २४४.३७ वर्ग कि.मी. क्षेत्रफल फैलिएको निसीखोला गाउँपालिका प्रशस्त हरियो घाँसे मैदान र चरिचरणको सुव्यवस्थित भुगोल समेत हो। प्रशस्त चरिचरणको भौगलिक सु-व्यवस्थाकै कारण हाल करिव २५ हजारको संख्यमा भेडाबाख्रासंग कृषकहरु आवद्ध रहको उनको दावी छ। किसानलाई प्रत्साहन गर्नका लागि अवको एकवर्षमा संघ सरकारबाट उपलब्ध भएका कृषि तथा पशुमा आधारित विभिन्न अनुदानका कार्यक्रमलाई लागु गर्ने स्थानिय सरकारले तयारी गरेको उनले बताए। उनका अनुसार पालिकाले कृषकलाई प्रत्साहन स्वरुप पशुव्यवसायका लागि खोर, औषधी, घाँस तथा दाना खरिदका लागि रकम उपलब्ध गराउनुका साथै कृषिका लागि विभिन्न विउविजन र कृषि औजार उपलब्ध गराउने योजना रहको छ।

"स्थानिय सरकाले यो वर्षदेखि कृषकलाई प्रोत्साहनका लागि विभिन्न कार्यक्रमहरु ल्याउने योजनामा छ,यो सेवा प्राप्त गर्नका लागि कृषकहरु पालिकाको सम्पर्कमा आउनुपर्छ," उनले भने,"हाम्रो पालिका जिल्लाको निकै विकट भुगोलमा पर्छ,पर्याप्त सुचनाको सुविधा छैन र वास्तविक कृषकलाई फुर्सद नभएकोले सेवाको पहुँच सम्म आउन समस्या छ,त्यसैले अव छिट्टै हामी नै स्थलगत रुपमा कृषक कहाँ पुगेर तथ्याँक संकलन गरि उनीहरुलाई सेवाको पहुँचमा ल्याउने योजना बनाएका छौ।" स्थानिय सरकारसंग पर्याप्त बजेट नभएपनि यहाँका कृषकको आवश्यकता र भोगोलका दृष्टिले के-कस्तो कार्यक्रम ल्याउन सकिन्छ त्यसको विषयमा पालिकाले स्थानियसंग छलफल,अनुसन्धान र अभ्यास जारी राखेको उनले बताए। "संघबाट हामीलाई पर्याप्त बजेट विनियोजन भएको छैन,त्यसैले सोचेअनुसार यसमा बजेट लगानी गर्न सकिरहेका छैनौ,आवश्यकताहरु अधुरो नै छन्," उनले भने, "तरपनि जेजति बजेट विनियोजित भएको छ र त्यसमा आन्तिरिक राजस्वबाट संकलित रकम गरि कृषकका अत्यावाश्यक समस्या पुर्ति गर्ने,ठाँउ र हावापानीका हिसाबले केकस्तो कृषिका कार्यक्रम ल्याउन सकिन्छ हामीले निरन्तर स्थानिय र सरोकारवालाहरुसंग छलफल जारी राखेका छौ।" साविकका ४ गा.वि.सहरु (देवीस्थान, बोहोरागाउँ, निसी र राजकुत) मिलेर ७ वटा वडाको एउटा गाउँपालिका बनेको छ। पुर्वि देशान्तर ८२ डिग्री ५३ मी देखी ८२३ डिग्री १० मी र उत्तर अक्षाशं २८ डिग्री २८ मी देखी २८ डिग्री १७ मी मा फैलिएको छ। यस गाउँपालिकामा कुल ४ हजार ८ सय ९३ घरधुरीका २३ हजार ३ सय जनसंख्या छन्।

# ज्येष्ठ नागरिकका लागी श्रर्दा सदन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

संरक्षण पाउन नसकेका ज्येष्ठ नागरिकका लागी श्रर्दा सदन पारिवारीक घर बनेको छ। घरमा परिवार भएपनि आवश्यक मात्रामा सेवा संरक्षण पाउन नसकेका, उमेर पुगेका बिरामी बुवा आमाका लागी पोखरामा व्यवसायिक रुपमा ज्येष्ठ नागरिक सेवा सुरु गरिएको सदनका अध्यक्ष निरज थापाले बताए।

"नेपाली परिवेशमा बुवा आमालाई घर बाहिर राख्दा सकारात्मक सोच्ने गरिदैन, बाहिर राखे कस्ता छोराछोरी भन्ने गरिन्छ तर घरमा एक्लै हुँदा औषधी सम्म खान नसक्ने अवस्थामा धेरै बुवाआमा हाम्रो समाजमा रहेका छन्।" परिवारले चाहेर पनि स्याहार संरक्षण गर्न नसक्ने अवस्थामा, छोरा, परिवार विदेशीनु पर्ने अवस्थामा, सदन मार्फत संपूर्ण सेवा व्यवस्थित रुपमा दिन सदन सुरु गरिएको सदनका निर्देशक चिन्तामणि बाँस्तोलाले बताए। वि.सं. २०७८ देखि पोखरा १५ मा सदनमा ३५ जनालाई आवासीय सेवा दिन सकिएपनि हाल ७ जना बुवा आमालाई राखिएको छ। १२ वर्षदेखि रोजगारको शिलशिलामा लण्डन रहेका सूर्य घिमिरेले भने "आफू एक्लो छोरा भएको र घरमा बुवाआमा मात्र रहँदा आमा बिरामी भई थलिन पुग्दा चाहेर पनि स्याहार नपाउँदा आमाको अन्तिम अवस्था भएको थियो। अचेत अवस्थाकी आमालाई २ वर्ष अगाडि केन्द्रमा ल्याउँदा र हालको अवस्था हेर्दा आमा पूर्ण स्वस्थ्य हुनु भएको उदाहरण दिदै समाजको डरमानि आमालाई केन्द्रमा नलगेको भए आमालाई गुमानुपर्थ्यो"। अब आमालाई लण्डन लैजाने सोच रहेको पनि उनले सुनाए। सदन मार्फत पारिवारिक सम्बन्धको विस्तार गराउने, उमेर पुगेका बुवाआमालाई स्याहार सुसार सहित खुशी बनाउने उद्देश्य रहेको केन्द्रका प्रमुख उर्मिला श्रेष्ठले बताइन्।

२ वर्ष अगाडी पोखराका १० जना सामाजिक अभियन्ताबाट सुरु भएको सदनलाई सामाजिक रुपमा अगाडि बढाउन श्रर्दा सेवा सदन सामाजिक संस्था हालै स्थापना गरिएको कोषाध्यक्ष कृष्ण थापाले बताए। संस्थामार्फत पोखरामा ज्येष्ठ नागरिक सचेतना अभियान सहित रचनात्मक कार्यहरु गरिने योजना रहेको बताइएको छ।

# बाघको सङ्ख्या बढेर तेब्बर, व्यवस्थापनमा चुनौती

**–भीष्मराज ओझा**
काठमाडौं, १३ साउन (रासस)

शनिबार विश्व बाघ दिवस। दिवसका अवसरमा यसवर्ष पनि विश्वमा झैं नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ। यसवर्षको यो दिवसको नारा 'मानव-बाघ सह-अस्तित्व' रहेको छ।

वन तथा वातावरण मन्त्रालयले दिवसको मुख्य कार्यक्रम अन्तर्गत ललितपुरको जावलाखेलस्थित चिडियाखानामा विशेष कार्यक्रम मनाउँदैछ। यसैगरी नेपाल टेलिकमका टेलिफोन सेवामा दिवसका दिन बाघ संरक्षणका लागि सचेतनासम्बन्धी 'रिङटोन' बज्ने व्यवस्था गरिएको मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ। दवसकै अवसरमा बाघसम्बन्धी दश वर्षे (सन् २०२३-३२) कार्ययोजना सार्वजनिक गर्न लागिएको विभागका उपमहानिर्देशक अजय कार्कीले जानकारी दिनुभयो। कार्ययोजनामा बाघको सङ्ख्या वृद्धि भएसँगै थपिएको व्यवस्थापनको चुनौती र बढ्दो मानव-बाघ द्वन्द्वलाई व्यवस्थापन गर्नेसम्बन्धी मुख्य विषय रहेको उहाँले बताउनुभयो।

पाटे बाघ संरक्षणको महत्वबारे जनचेतना फैलाउने उद्देश्यले हरेक वर्ष जुलाई २९ मा 'विश्व बाघ दिवस' मनाइन्छ। सन् २०१० मा रुसको सेन्ट पिटर्सवर्गमा आयोजित अन्तर्राष्ट्रिय बाघ मञ्चले यस्तो घोषणा गरेको हो। उक्त मञ्चमा पहिलो विश्व बाघ सम्मेलन भएको थियो। पाटे बाघ विश्वका १३ देशमा पाइन्छन्। ती मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको सङ्ख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो।

उक्त सम्मेलनमा नेपालले सन् २००९ को गणनाअनुसार नेपालमा रहेका तत्कालीन बाघको सङ्ख्या एक सय २१ लाई बढाएर दोब्बर पुऱ्याउने प्रतिबद्धता जनाएको थियो। सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ गणनाअनुसार नेपालमा हाल बाघको सङ्ख्या तीन सय ५५ पुगेको छ। नेपालले उक्त सम्मेलनमा बाघको सङ्ख्या दोब्बर बनाउन गरेको प्रतिबद्धताभन्दा बढी सङ्ख्याले बाघ बढाउन सफल भएको छ। उक्त गणनाअनुसार सबैभन्दा धेरै बाघ चितवन राष्ट्रिय निकुञ्जमा एक सय २८ वटा र बर्दिया राष्ट्रिय निकुञ्जमा एक सय २५ बाघ थिए।। साथै बाँकेमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ पाइएको विभागको तथ्याङ्क छ। नेपालले विसं २०६७ देखि बाघ दिवस मनाउँदै राष्ट्रियस्तरमा बाघ गणनासमेत गर्दै आएको छ। नेपालमा बाघको सङ्ख्या सन् १९९५ मा ९८, सन् २००० मा एक सय नौ, सन् २००५ मा एक सय २६, सन् २००९ मा एक सय २१, सन् २०१३ मा एक सय ९८ रहेको विभागको तथ्याङ्क छ। सन् २०१८ मा गरिएको गणनाअनुसार बाघको सङ्ख्या बढेर दुई ३५ पुगेको थियो। नेपाल बाहेक भारत, चीन, भुटान, रुस, बङ्गलादेश, भियतनाम, म्यानमार, मलेसिया, इन्डोनेसिया, थाइल्यान्ड र लाओसमा पाटे बाघ पाइन्छन्। विश्वभर सन् १९०० सम्म एक लाखको हाराहारीमा बाघको सङ्ख्या रहेको अनुमान थियो। त्यो सङ्ख्या सन् २०१० मा घटेर तीन हजार दुई सयमा सीमित भएको थियो। त्यसपछिका विश्वभरबाट भएका संरक्षणका प्रयासले बाघको सङ्ख्या बढेर २०१६ मा तीन हजार नौ सय र सन् २०२२ मा चार हजार पाँच सय पुगेको विश्व वन्यजन्तु कोषको तथ्याङ्क छ। सन् २०१६ को तथ्याङ्कअनुसार विश्वमा सबैभन्दा बढी भारतमा दुई हजार दुई सय २६ र सबैभन्दा कम लाओसमा दुई वटा बाघ थिए।

नेपालमा बाघको सङ्ख्या बढेसँगै यिनको व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, बासस्थान सुधारलगायत अन्य विविध विषय चुनौती बनेका छन्। मध्यवर्ती क्षेत्रका मानिसहरु घाँस दाउरा, निहुरो टिप्न र गाइभैंसी चराउन जाने क्रममा सामुदायिक वनभित्रै बाघको आक्रमणमा पर्ने गरेका छन्। उनीहरुलाई जङ्गल नजाने वातावरण बनाउन सरकारले वैकल्पिक जीविकोपार्जनको उपायको व्यवस्था मिलाउने किसिमका कार्यक्रमहरू पनि गर्दै आएको छ। हात्ती, बाघ, गैंडा, चितुवा, भालु, जङ्गली कुकुरलगायतका वन्यजन्तुको आक्रमणबाट पछिल्लो पाँच वर्षमा दुई सय मानिसको मृत्यु भएको तथ्याङ्क छ। साथै क्षतिपूर्तिवापत सरकारले रु ६० करोडभन्दा बढी रकम बेहोरिसकेको छ। वन्यजन्तुले मानिसलाई घाइते बनाउने, बालीनाली, घर, गोठको क्षतिलगायत घट्ना बढ्दै गएका छन्। त्यसमध्ये पछिल्लो पाँच वर्षमा मुलुकभर बाघबाट मात्र ५८ जनाको मृत्यु भएको तथ्याङ्क छ। आर्थिक वर्ष २०७९/८० मा बाघको आक्रमणबाट १२, आव २०७८/७९ मा २१, आव २०७७/७८ मा १३, आव २०७६/७७ मा आठ र आव २०७५/७६ मा बाघको आक्रमणबाट चारको मृत्यु भएको थियो।

# कालोपत्र महिना दिनमै उप्कियो

**पोखरापत्र संवाददाता**
ढोरपाटन, १३ साउन

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङ खण्डमा पर्ने करिब एक सय ४२ किलोमिटरमध्ये अधिकांश सडक कालोपत्र भइसकेको छ। बागलुङ-घोडाबाँधे खण्डको १५ किलोमिटर सडक कालोपत्र गर्न बाँकी छ।

वर्षौं अगाडि कालोपत्र भएको घोडाबाँधे-गलकोट खण्ड जीर्ण बनेपछि अहिले मर्मत भइरहेको छ। निर्माण कम्पनीले केही दिनमै काम सक्ने गरी तीव्रता दिए पनि मर्मत भएका केही ठाउँमा बीच भागमै कालोपत्रे उप्किएको छ। एक महिना नबित्दै कालोपत्र उप्किन थालेको भन्दै स्थानीयले निर्माण कम्पनी र सरोकारवाला निकायले लापरबाही गरेको आरोप लगाएका छन्। विसं २०७९ असार २२ मा लोकमार्ग कार्यालयसँग सम्झौता गरी जोशी निर्माण कम्पनी काठमाडौंले काम थालेको थियो। निर्माण कम्पनीले कालोपत्र गरेको लोकमार्गको नरठाँटी, काफलठूटा, झाँक्रीस्थानलगायत ठाउँमा उप्किएको यात्रु तिलबहादुर खत्रीले बताउनुभयो। यस क्षेत्रमा कालोपत्र भएको महिना दिन पनि नपुगेको भन्दै उहाँले यसरी काम गर्दागर्दै कालोपत्र उप्किँदा आवागमनमा सास्ती भएको बताउनुभयो। "के काम गरेको होला यस्तो, काम गर्दैछ, सडक उक्किँदैछ, यस्तो पनि हुन्छ, सरोकारवाला निकायले निगरानी गर्नुपर्ने हो", खत्रीले भन्नुभयो, "यसको जिम्मेवारी कसले लिने ?, गुणस्तरहीन काम भएकोप्रति स्थानीय सरकारको छिटो ध्यान जाओस् र समाधान खोजियोस्।"

निर्माण कम्पनीले रू १३ करोड ९९ लाखमा आगामी असोज २१ गतेसम्म सडक मर्मत सक्ने गरी ठेक्का लिएको थियो। मध्यपहाडी लोकमार्गका इञ्जिनियर राजन पाण्डेले मर्मतका लागि तोकिएको रकममध्ये रू एक करोड भुक्तानी लिन बाँकी रहेको बताउनुभयो। उहाँले जेठमा कालोपत्र भएको स्थानमा पहिरो र भल आएर भत्किएकाले उक्त स्थानमा पुनः मर्मत गरिने जानकारी दिनुभयो। पाँच किलोमिटर कालोपत्र गरेकामा करिब ५० मिटर सडकमा उप्किने र भत्किने समस्या भएको उहाँको भनाइ छ। "अहिले जहाँजहाँ भत्किएको छ, सोही स्थानमा यसअघि पनि भत्किने गरेको रहेछ, भौगोलिक नाजुकताका कारण यो समस्या आएको हो", इञ्जिनियर पाण्डेले भन्नुभयो, "जेठामा कालोपत्र गरेपछि ठूलो पानीसँगै भल आयो र भत्कियो। यसलाई निर्माण कम्पनीले पुनःमर्मत गर्नेछ।"

# शिविरबाट छ सय ४१ लाभान्वित

**पोखरापत्र संवाददाता**
गोरखा, १३ साउन

गोरखाको बारपाक सुलिकोट गाउँपालिकामा भएको दुईदिने निःशुल्क स्वास्थ्य शिविरबाट छ सय ४१ लाभान्वित भएका छन्। गाउँपालिकाको वडा नं १ स्थित बारपाक स्वास्थ्यचौकीमा भएको शिविरमा स्थानीयले स्वास्थ्य सेवा लिएका गाउँपालिकाले जनाएको छ। शिविरमा बिरामीले रगत परीक्षण, इसिजीलगायत उपचार सेवा लिएका गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो। गोरखा अस्पताल र ग्रिनसिटी हस्पिटलको प्राविधिक सहयोग तथा मुटु फाउन्डेशन, मनोज एसोशियसन, नमस्ते फ्रान्स ग्रेनोबल युनिभर्सिटीको आर्थिक सहयोगमा शिविर सञ्चालन गरिएको उहाँले बताउनुभयो। वडा कार्यालयको आयोजना, बारपाक सामुदायिक वन उपभोक्ता समितिको सहआयोजना भएको उक्त शिविरको पहिलो दिनमा दुई सय एकले सेवा लिएका थिए भने दोस्रो दिन चार सय ४० भन्दा बढीले सेवा लिएको स्वास्थ्य शिविरका संयोजक धनबहादुर गुरुङले जानकारी दिनुभयो।

# प्रतिभा माविमा विद्यार्थीलाई स्वागत र अभिमूखिकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन



पोखराको पालिखेचोकस्थित प्रतिभा माविले शुक्रबार कक्षा ११ का नवआगन्तुक व्यवस्थापन संकायका विद्यार्थी र शनिबार विज्ञान संकायका विद्यार्थीलाई स्वागत र अभिमूखिकरण कार्यक्रम आयोजना गऱ्यो ।

दुवै दिन उत्प्रेरणामूलक अभिमूखिकरण कार्यक्रमका साथै प्रतिभा प्रस्फुटन र चर्चित गायक शिव परियारमार्फत् मनोरञ्जन दिलायो । विषयगत विज्ञ बोलाएर विद्यार्थीलाई अभिमूखिकरण गर्दै आएको विद्यालयले शुक्रबार नविल बैंकका डेपुटी सिईओ मनोज ज्ञवाली श्रोतव्यक्तिका रुपमा ल्यायो भने शनिबार ब्लाइन्ड रक्सकी संस्थापक अध्यक्ष श्रृष्टि केसीलाई निम्त्यायो । शनिबार विज्ञान विषयका विद्यार्थीका लागि अभिमूखिकरणका लागि निम्त्याएकी सृष्टि दश कक्षामा अध्ययनरत रहँदा गलत उपचारले दृष्टि गुमाएकी थिइन् । केसी हाल दृष्टिविहीको क्षेत्रमा काम गर्दै आएकी छिन् । दृष्टि गुमाएपछि सबैले भविष्य सकिएको भनेर गुनासो गरिरहँदा केसीले भने अध्ययनमा अब्बलता देखाएर उत्कृष्ट नतिजा हाँसिल गर्न सफल भइन् । दृष्टिविहीन हुनुपर्दाको अवस्था र आफू कसरी सफल हुन सकिन्छ ? भनेर केसीले विज्ञान विषयका विद्यार्थीका लागि प्रेरणामूलक अनुभव साटिन् ।

'मैले दृष्टि गुमाउँदै गर्दा मेरा लागि शिक्षामा खर्च नगर्न कतिपयले मेरा अभिभावकलाई भनेका थिए । तर, मैले मेरो आत्मा बलियो बनाएर अध्ययन गरेँ । त्यसले मलाई सफलता दिलायो,' सफलताको कथा सुनाउँदै केसीले भनिन्, ' यतिसम्म कि दृष्टिविहीन हुनुपर्दा मलाई धेरै कलेजले भर्ना लिन मानेका थिएनन् । तर, मैले पाएको अवसरलाई उपयोग गर्ने गरी निकै नै दुःखका साथ अध्ययन गर्दा सफलता हात लागेको थियो ।' उनले आफूले आफूलाई कहिल्यै कमजोर नदेख्न अरु विद्यार्थीलाई पनि आग्रह गरिन् । 'भोलिका लागि आज राम्रो गर्नुपर्छ । चाहने हो भने हरेक क्षेत्रमा सफलता मिल्छ,' उनले भनिन, 'म सक्दिन भनेर कहिल्यै हरेस नखानू । सपना देख्न आँखा होइन, हिम्मत चाहिन्छ ।' उनले आफ्नो सफलता सानोतिनो मेहनतले नआएको बताइन् ।

दृष्टि गुमाएपछि जसोतसो कलेज भर्ना हुन पाएकी उनले शिक्षकले पढाएको रेकर्ड गरेर सुन्ने गरेकी थिइन् । 'ब्रेकमा साथीहरु खाजा खान क्यान्टिन जाँदा म भोकभोकै बसेर कक्षामा पढ्थेँ, मलाई पनि भोक लाग्थ्यो, तर, मसँग पेटको भन्दा पढाईको भोक थियो, त्यही पढाईले पूरा गर्दा सफल हुन पाएँ ।' उनले सुनाइन् । विद्यालयका प्राचार्य किरण सापकोटाले ११ र १२ कक्षामा गरेको २ वर्षको मेहनतले साँच्चै राम्रो भविश्य हुने बताए । 'अबका २ वर्ष जिन्दगीका लागि सबैभन्दा महत्वपूर्ण समय हो । यो अवधिको मेहनतले जिन्दगी उज्यालो हुन्छ,' उनले भने । उनलाई प्रतिभा माविले शक्तिशालि भन्दा पनि असल व्यक्ति बन्न सघाउने बताए । 'हामी अबका विद्यार्थीका सफलताको कथा लेख्न आएका हौँ, त्यसमा सबैको साथ चाहिन्छ,' उनले भने । कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले विद्यार्थीलाई राम्रो व्यक्तिको संगत गर्न सुझाए । 'अहिलेको समय यस्तो छ की एक मिनेटमै भाइरल बन्ने बेला हो । नकारात्मक कुरा १ मिनेटमै भाइरल हुन्छ । हजारौं पोजिटिभ कुरा कसैले नगर्ने बेला छ । त्यसैले संगत राम्रो गरेर अब्बल बनेर निस्कनुपर्छ,' उनले भने, 'नकारात्मक नभई सकारात्मकताको बाटोमा अघि बढ्नुपर्छ ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण पौडेलले विद्यार्थीले भविश्य कता लैजाने भन्ने अबको अध्ययनले बताउने बताए । 'अबको २ वर्ष साह्रै नै महत्वपूर्ण समय हो । यो समय खेर जान दिनुहुन्न, भविश्य कोर्ने अबको समयले हो' पौडेलले भने । कार्यक्रममा गायक शिव परियारले झन्डै एकदर्जन गीत गाएर विद्यार्थीलाई मनोरञ्जन दिलाएका थिए । विद्यार्थीहरु बसेकै ठाउँदेखि स्टेजसम्मै गीतमा झुमेका थिए, नाच्दै भरपूर मनोरञ्जन लिए । ४ जिपिए ल्याउने छात्रछात्रालाई विशेष स्वागत र प्रतिभा रत्नबाट सर्वोत्कृष्टलाई नगदसहित पुरस्कृत कार्यक्रममा विद्यालयमा भर्ना हुने ४ जिपिए ल्याउने छात्रछात्रालाई विशेष स्वागत एवं सम्मान गरियो । यस्तै, प्रतिभा रत्नबाट विद्यालयका सर्वोत्कृष्ट विद्यार्थीलाई पनि नगद २५ हजारका साथ सम्मान गरिएको थियो ।

विद्यालयमा साइन्समा भर्ना भएका प्रकाश मावि म्याग्दीबाट ४ जिपिए ल्याउने समिर सुवेदी र फिस्टेल एकेडेमीबाट एसईईमा ४ जिपिए ल्याएर प्रतिभामा मेनेजमेन्टमा भर्ना भएकी प्रनिशा तुलाचनलाई विशेष स्वागत गरिएको हो । प्रतिभा रत्न पुरस्कारबाट कक्षा १२ मा विद्यालयबाट साइन्सतर्फ सर्वोत्कृष्ट हुने रिदेश पोखरेल र मेनेजमेन्टतर्फ सर्वोत्कृष्ट हुने स्वस्तिका पराजुलीलाई नगदसहित सम्मान गरिएको हो ।

# लायन्स क्लब अफ पोखरा फेवा फुलवारीद्वारा घार्मीमा वृक्षारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन




लायन्स क्लब अफ पोखरा फेवा फुलवारीले पोखराकै पर्यटकीय क्षेत्र घार्मीमा वृक्षारोपण गरेको छ ।

घार्मीको ओमकारेश्वर महादेव मन्दिर परिसरमा तेजपत्ता, पारिजात, गुलमोहर, आकाशे फल, एभोक्याडो लगायतका विभिन्न प्रजातिका ५० भन्दा बढी विरूवा रोपिएको कार्यक्रम संयोजक लायन गोविन्दराज अधिकारीले जानकारी दिनुभयो। लायन्स पार्ककै रूपमा विकास गरिएको उक्त क्षेत्रमा यसअघि रोपिएका विरूवाको गोडमेल समेत गरिएको छ। यसअघि कार्यक्रमको उद्धाटन गर्दै लायन्स क्लब डिस्ट्रीक ३२५ केका चिफ एडभाइजर प्रजापति बास्तोलाले ओमकारेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेल र कार्यक्रम संयोजक गोविन्दराज अधिकारीलाई विरूवा हस्तान्तरण गरी उद्धाटन गर्नुभयो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि बास्तोलाले लायन्सले विगत देखिनै वातावरण संरक्षणमा महत्वपूर्ण भूमिका खेलेकोमा प्रशंसा गर्दै, विरूवा रोपेर मात्र नभई यसको दिगो संरक्षणमा ध्यान दिन आग्रह गर्नुभयो । क्लबका अध्यक्ष लायन माधव कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा लायन शंकर बहादुर खत्री, कार्यक्रम संयोजक गोविन्दराज अधिकारी, नेपाल पत्रकार महासंघ प्रदेश परिषद् सदस्य शिशिर पौडेल, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराजपौडेल,समाजसेवीलिला अधिकारी पौडेल, पूर्व अध्यक्ष संजय बस्नेत, लायन गुरू प्रसाद पौडेल, पंण्डित गुरूदत्त लामिछाने, क्याबिनेट सेक्रेटरी लायन कुन्दनराज शर्मा लगायतले मन्दिर परिसरलाई गुल्जार बनाउन क्लवले महत्वपूर्ण भूमिका खेलेको बताए। मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पौडेलले मन्दिर क्षेत्रलाई तारवार गरि सुरक्षित बनाउन सके वोट बिरुवा संरक्षण हुने बताउदै त्यसमा सहयोग गर्न आग्रह गर्नुभयो । क्याबिनेट सेक्रेटरी लायन कुन्दनराज शर्माले स्वागत गर्नुभएको कार्यक्रममको संचालन क्लबका सचिव ईन्जिनियर लायन दिपक केसीले गर्नुभएको थियो ।क्लवले विगत सात वर्षदेखि त्यस ठाउँमा लायन्स पार्क निर्माण गरि वृक्षारोपण गर्दै आइरहेको छ ।

# अझै केही दिन वर्षा

**रासस**
काठमाडौं, १३ साउन

काठमाडौँ उपत्यकासहित देशभर मनसुनी वर्षा भइरहेको छ । मुलुकमा मनसुनी वायुको आंशिक प्रभाव रहनुका साथै मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणतर्फ अवस्थित रहेकाले देशका आधिकांश स्थानमा वर्षा भइरहेको हो ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार उक्त मौसमी प्रणालीको प्रभावले अझै केही दिन निरन्तर वर्षाको सम्भावना छ । महाशाखाका मौसमविद विनु महर्जनले देशका धेरैजसो स्थानमा आगामी दुई/तीन दिन निरन्तर वर्षाको सम्भावना रहेको बताउनुभयो ।

नेपालमा मनसुन गत वर्ष जेठ ३१ गतेदेखि प्रवेश गरे पनि देशभर फैलिन झण्डै दुई साता लागेको थियो । मनसुन प्रभावकारी नहुदाँ पछिल्लो एकसाता राम्रोसित वर्षा हुन सकेको थिएन । विगत दुई दिनयता भने देशका सबैजसो स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको महाशाखाले जनाएको छ । "मनसुन न्यून चापीय रेखा नेपालको सरदर स्थानभन्दा दक्षिणतिर सरेको छ, सोही कारण विगत एक साताको तुलनामा केही दिनदेखि वर्षा निरन्तर भइरहेको छ । आगामी केही दिन वर्षा निरन्तर हुने देखिन्छ, कतिपय स्थानमा भारी वर्षाको सम्भावना छ", मौसमविद् महर्जनले भन्नुभयो ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको हावापानी विश्लेषण शाखाका अनुसार यही साउन ६ गतेसम्म देशभर ३७ प्रतिशत मनसुनी वर्षा भएको छ । गत जेठ १८ देखि यही साउन पाँच गतेसम्म देशभर सरदर पाँच सय ३८ दशमलव दुई मिलिमिटर वर्षा भएको छ । मनसुन अवधिभर नेपालमा एक हजार चार सय ६२ मिलिमिटर वर्षा हुने गरेको शाखाले जनाएको छ ।

# स्याङ्जाका औषधी पसलमा अनुगमन

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १३ साउन



जिल्ला प्रशासन कार्यालय स्याङ्जा सहित जिल्लाका केही पालिकाले औषधी पसल सहित बजार अनुगमन गरेका छन् । नयाँ आर्थिक बर्ष शुरु भएपछि पालिकाभित्र रहेका औषधी पसल सहित अन्य पसलहरु अनुगमन गरिएको हो । जिल्लामा अहिले सम्म ३ ओटा पालिकाले मात्रै औषधी पसलहरु अनुगमन गरेको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ । औषधी पसलहरुमा दर्ता, नविकरण र मापदण्ड अनुसारको सेवाका बिषयमा अनुगमन गरिएको बताइएको छ । अनुगमनका क्रममा औषधी पसलहरु र बिरामी चेकजाँच गर्ने क्लिनीकहरु पहिलो फेजमा परेका छन् ।

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले सबै पालिकामा औषधी पसलहरुको अनुगमन गरी त्यसको अवस्था बारे जानकारी गराउन पत्रचार गरेको थियो । सोही बमोजिम पुतली बजार, चापाकोट नगरपालिका र अर्जुनचौपारी गाउँपालिकाले अनुगमन गरेको बताइएको छ । अन्य पालिकाहरु भने अहिले सम्म बेखबर जस्तै बनेका छन् । अहिले सम्म गरिएका औषधी पसलहरु समग्रमा सुधारको अवस्थामा रहेको बताइएको छ । केही–केही पालिकामा भने अस्तव्यस्त रहेको बुझिएको छ । पुतलीबजारमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शोभाखर पोखेलको नेतृत्वमा ८ ओटा औषधी पसलहरुमा अनुगमन गरेको छ । विगतका बर्षहरुमा पनि अनुगमन गरिएकाले सदरमुकाम स्थित पुतलीबजारमा औषधी व्यवसाय सुधारात्मक रहेको पोखेलले बताए । पहिलो पटक सचेत मात्रै गराउने भएकाले केही पसलहरुलाई सोही खालको सुझाव दिएको बताइएको छ । अहिले जरीवाना गर्ने भन्दा पनि पसलहरु सरकारी मापदण्ड अनुसार सञ्चालन छन् या छैनन् भन्नेमा ध्यान थियो उनले भने,'जति पसल अनुगमन गरियो सबै राम्रै देखियो ।' अनुगमनको जिम्मेवारी सहित कारवाही गर्ने अधिकार स्थानीय सरकारलाई भएकाले सबै पालिकालाई कडाईका साथ अनुगमन गर्न निर्देशन दिएको उनले बताए । पुतलीबजारले स्वास्थ्य ऐन नबनाएकाले केही समस्या देखिएको छ प्रशासकीय पोखेलले भने,' नगरपालिकालाई छिटो स्वास्थ्य निर्देशिका बनाएर अगाडी बढ्न सुझाव दिएका छौं ।' स्वास्थ्य ऐन नहुँदा मापदण्ड विपरीत रहेका पसलहरुलाइ कारवाहि वा जरिवाना गर्न कठिनाई भयो उनले भने । समग्रमा औषधी पसल र बिरामी जाच्ने क्लिनीकहरु सुधारात्मक देखिएको उनले बताए । स्वास्थ्य कार्यालय स्याङ्जालाई जिल्लाभरी स्वास्थ्य प्राविधिक खटाएर औषधी पसलहरु अनुगमन गर्न जिल्ला प्रशासनले निर्देशन समेत दिएको जनाएको छ । औषधीका विषयमा विज्ञहरुकै टोलीले अनुगमन गर्दा अझै पादर्शिता हुने भएकाले यसको जिम्म स्वास्थ्य कार्यालयलाई दिएको प्रशासनले जनाएको छ । चापाकोट नगरपालिकाले भने औषधी पसलहरु सहित अन्य पसलहरु पनि अनुगमन गरेको जनाएको छ । चापाकोटमा अहिले सम्म झण्डै ६ दर्जन पसलहरु अनुगमन गरेको प्रमुख प्रशासकीय अधिकृत ध्रुव खनालले जानकारी दिए । केही पसलहरु निकै अस्तव्यस्त तवरले संचालन गरेको पाएका छौं प्रशासकीय अधिकृत खनालले भने,'त्यस्ता पसलहरुलाई एक हप्ताको समय दिएका छौं ।' हामीले दिएको समयमा पसल सुधारात्मक नदेखिएमा कारवाहीको प्रक्रिया अगाडी बढाउने छौं उनले भने । औषधी पसलहरुमा भन्दा खाद्यन्न, होटल, रेष्टुरेन्ट लगायत पसलहरु अझै सुधार गर्नुपर्ने देखिएको खनालको भनाई छ ।

अधिकांश पसलहरु नविकरण र दर्ता नभएकाले तुरुन्तै दर्ता र नविकरण गर्न सुझाव दिएको उनले बताए । चापाकोटका सबै वाडमा पुगेर अनुगमन भइरहेको बताइएको छ । अर्जुनचौपारी गाउँपालिकाले पनि औषधी पसलहरु मात्रै अनुगमन गरेको जनाएको छ । पालिकाको बजारमा रहेका ३ ओटा औषधी पसलहरुमा अनुगमन गरिएको स्वास्थ्य शाखा प्रमुख इश्वरी केसीले बताए । अनुगमन गरिएका पसलहरु दर्ता र समयमै नविकरण गरिएको पाइएको बताए । समग्रमा सबै पसलहरु राम्रो रहेको उनको भनाई छ ।

अरु पालिकाहरुले पनि छिट्टै बजार अनुगमन गर्ने जनाएका छन् । बिशेष गरी भीरकोट, वालिङ र गल्याङ व्यापारीक केन्द्रका बजारहरु हुन् । गाउँले व्यवसाय बढी हुने भएकाले यी पालिकाहरुले अनुगमनलाई ढिलाई गर्न नहुने स्थानीयहरुले बताएका छन् । तिन पालिकाको अनुगमनले अन्य पालिकालाई पनि अनुगमन गर्न बाध्य बनाउने प्रशासनले जनाएको छ ।

म्याद छ की छैन : अर्जुनचौपारी गाउँपालिकाका उपप्रमुख सपना गुरुङ र प्रमुख प्रशासकीय अधिकृत उज्जल बहादुर बस्नेत सहितको टोलीले औषधी पसल अनुगमन गर्दै । सुशासन कायम गर्नुपर्ने नीति अवलम्बन गरेको पालिकाले हरेक बर्ष बजार अनुगमनलाई कडाई गर्दै आएको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २०१८ असार १५ गते

स्वर्गारोहणः २०८० श्रावण ४ गते

**स्व. राज कुमार परियार**

हाम्रा आदरणीय मित्र रामबजार पोखरा –१० गौरीमार्ग निवासी रामबजार तायाः मचाः नाच समिति रामबजार १०/१५ पोखराका सदस्य दुर्गा परियारका पुजनीय पति सम्झना(ली) परियार, सृजना परियार, जोन परियारका पुजनीय पिता र मोहनी परियारका ससुराबुबा समाजसेवी यस समितिका सहयोगी सदस्य **राज कुमार परियार** को ६२ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी रामबजारवासी अति मर्माहत भएका छौ यस दुःखद घडीको आज ११ औ दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नारायण श्रेष्ठ**
**कार्यवाहक अध्यक्ष एवं**
**रामबजार तायाः मचाः नाच समिति**
**रामबजार १०/१५ पोखरा परिवार**